आर्थिक अभियान

नेपाल-भारत वाणिज्य सन्धिसम्बन्धी बैठक

# गैरकर अवरोध र कनेक्टिभिटी नेपालको प्राथमिकतामा

अभियान संवाददाता

काठमाडौं

नेपाल-भारत वाणिज्य सन्धि संशोधनका लागि विहीबारदेखि पोखरामा सहसचिव स्तरीय बैठक हुने भएको छ । बैठकमा नेपालले व्यापार घाटा न्यूनीकरणका लागि गैरकर अवरोध र कनेक्टिभिटीको मुद्दा प्राथमिकताका साथ उठाउने भएको छ। सन्धि पुनरवलोकनका लागि गत साउनमा दिल्लीमा पहिलो बैठक भएको थियो । नेपाली उत्पादनलाई शून्य भन्सारमा निकासी सुविधा दिने सम्झौता भए पनि भारतले विभिन्न बहानामा अतिरिक्त कर लगाउँदै आएको छ । यसले नेपाली वस्तुको सहज निर्यात हुन नसकेको सरकारी अधिकारीले बताएका छन् ।

बैठकमा व्यापार घाटा न्यूनीकरणका लागि गैरभन्सार अवरोध हटाउने, रेलमार्ग, जलमार्ग, सडक मार्ग लगायत कनेक्टिभिटीको विषयमा छलफल हुने उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालयका सचिव केदारबहादुर अधिकारीले जानकारी दिए । बैठक नेपाल-भारतबीच देखिएको व्यापार सम्बन्धी चुनौतीको समाधानमा केन्द्रित हुने उनले बताए ।

**एजेन्डाबारे विज्ञ र निजीक्षेत्रसँग छलफल**

माघ २४ र २५ गते हुने उक्त बैठकमा उठान गर्नुपर्ने थप विषयबारे मन्त्रालयले मंगलवार विज्ञ तथा निजीक्षेत्रसँग छलफल गरेको छ । छलफलमा विज्ञ तथा उद्योगी व्यवसायीले सम्झौताको कार्यान्वयनमा जोड दिँदै नेपाली वस्तुको निर्यातमा भारतीय अवरोध हटाउन ठोस पहल थाल्नुपर्ने सुझाए । भारतसँगको व्यापारघाटा कम गर्न भन्सारमा देखिएका समस्या समाधानका साथै नेपालको निर्यात क्षमता बढाउन पनि आवश्यक रहेको उनीहरूले औँल्याए ।

**बैठकमा व्यापार घाटा न्यूनीकरणका लागि गैरभन्सार अवरोध हटाउने, रेलमार्ग, जलमार्ग, सडक मार्ग लगायत कनेक्टिभिटीको विषयमा छलफल हुनेछ ।**

नेपाल-भारत व्यापार चुनौती र अवसर विषयमा कार्यपत्र प्रस्तुत गर्दै अर्थविद् डा. पोषराज पाण्डेले भारतले नेपालसँग भएका व्यापार सम्बन्धी सन्धिको पूर्ण पालना गराउनेतर्फ सरकारको पहल हुनुपर्ने सुझाव दिए । नेपाल उद्योग वाणिज्य महासंघका वरिष्ठ उपाध्यक्ष शेखर गोल्छाले नेपालले भन्सार रहित सुविधा पाए पनि भारतीय भन्सार विन्दुमा हुने समस्याले निर्यात बढ्न नसकेको बताए । भन्सार विन्दुहरूमा हुने ढिलासुस्ती र असहजता कम गर्न पूर्वाधारको विकास आवश्यक रहेको उनको भनाइ छ । नेपाल उद्योग परिसंघका अध्यक्ष हरिभक्त शर्माले भारतीय वस्तु नेपालमा सहज ढंगले आउने, तर नेपाली वस्तु भारतमा जाँदा विभिन्न अवरोध हुने परिपाटी नहटेसम्म भारतसँगको व्यापार घाटा कम गर्न नसकिने बताए ।

नेपाल चेम्बर अफ कमर्शका महासचिव कमलेश अग्रवालले भारतको केन्द्र सरकार र राज्य सरकारबीच समन्वयको अभावले नेपाली वस्तु भारत पठाउँदा सधैं अवरोध हुनु गरेको बताए । माथिल्लो तहमा भएको निर्णय तल्लो तहमा सहज ढंगले लागू हुने वातावरण सृजना गर्न बैठकमा कुरा उठाउन उनले सुझाए ।